ले.

ठकको
एकोले

कारी

लि.

निम्न
ो हुदाँ

मा ।

श्रमिक

हरुको

छ ।

पाँचखाल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पाँचखाल , **काभ्रेपलाञ्चोक**

**बागमती प्रदेश, नेपाल**

## **विज्ञापन कर** संकलन **सम्बन्धी दरभाउपत्र** आव्हानको **सूचना**

**(दोस्रो पटक प्रकाशित मिति २०७७/०८/१६)**

पाँचखाल नगरपालिकाको आर्थिक ऐन २०७७ बमोजिम स्वीकृत दररेटको अधिनमा रही यस नगर क्षेत्र भित्र विज्ञापन कर संकलनको कार्य ठेक्का बन्दोबस्तद्वारा गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही उक्त कर उठाउन चाहाने योग्य इच्छुक नेपाली नागरिक वा दर्ता वाला संस्थाले देहायका शर्त बन्देजको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तबन्देज**

१. यस सम्बन्धी दरभाउपत्र फारम रु. १,०००।- (एक हजार मात्र) ( पछि फिर्ता नहुने) तिरी पाँचखाल नगर कार्यपालिकाको राजस्व शाखाबाट प्राप्तगर्न सकिने छ ।

२. यो सूचन दोस्रो पटक प्रकाशित भएको मितिले ८ (आठ) दिन भित्र कार्यालय समय सम्ममा दरभाउपत्र फारम खरिद गर्न र यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले नौ दिन दिनको १२:०० बजे भित्रमा शिलबन्दी दरभाउपत्र फारम पाँचखाल नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्न सकिने छ साथै दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको १:०० बजे पाँचखाल नगरपालिकाको कार्यालयमा खोलिने छ ।

३. दरभाउपत्र साथ आफुले कबोल गरेको कुल रकमले हुनआउने पाँच प्रतिशत वा सो भन्दा बढि रकम यस कार्यालयको नेपाल बैंक लि. पाँचखाल – ४ स्थित बैंक खाता नं. १२४०३०००००३००००००००१ मा जम्मा गरेको सक्कलै भौचर धरौटीका रुपमा समावेश गरेको हुनुपर्ने छ ।

४. दरभाउपत्रदाताले बढिमा आ.व. २०७७।०७८ सम्म एक आर्थिक वर्षको अवधिको लागि उक्त कर उठाउन पाउने गरी यस कार्यालयलाई बुझाउन सक्ने रकम अंक र अक्षर दुवैमा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।

५. स्वीकृत दरभाउपत्रवालाले आफुले कवोल गरेका ठेक्का रकम बढिमा तीन किस्तामा बुझाउनु पर्नेछ । यसरी किस्ता किस्तामा ठेक्का रकम बुझाउने भएमा ठेक्का सम्झौता भएको दिन कबोल अंकको ३५% ले हुन आउने रकम यस कार्यालयमा बुझाई बाँकी रकम बराबर वा सो भन्दा बढिको मान्यता प्राप्त बैंकबाट जारि गरेको मिति २०७८ साल साउन १० गते सम्म म्याद भएको बैंक ग्यारेण्टी सक्कलै पेश गर्नुपर्ने छ | तथा सम्पूर्ण रकम अग्रीम भुक्तानी गरेमा कबोल अंकको ५% ले हुन आउने रकम छुट हुनेछ ।

६. दरभाउपत्र फारम खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश: सो को भोलिपल्ट हुनेछ । साथै दरभाउपत्र खोल्ने दिन दरभाउ पत्र दाताको प्रतिनिधि अनुपस्थित रहे पनि दरभाउपत्र खोल्न कुनै बाधा परेको मानिने छैन ।

७. संस्थागत आवेदकका हकमा आफु त्यस्तो दरभाउपत्र दाखिला गर्न अयोग्य नभएको भनि स्वयम घोषणा पेश भएको हुनुपर्ने छ । साथै नविकरण गरिएको इजाजतपत्र, मु.अ.क. दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. दर्ता प्रमाण पत्र र आ.व. २०७५।०७६ सम्मको कर चुक्ता प्रमाण पत्र दाखिला गरिएको हुनुपर्ने छ ।

८. कुनै पनि दरभाउपत्र विनाकारण पूर्ण वा आशिक रुपमा स्वीकृत वा अस्विकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. विज्ञापन कर असुली सम्बन्धी ठेक्का बन्दोबस्त गरेका कारण तिर्नुपर्ने कुनै पनि कर दस्तुर बुझाउने दायित्व दरभाउपत्र वालामा रहने छ ।

१०. यो सूचना यस कार्यालयको website www.panchkhalmun.gov.np मा हेर्न सकिने छ ।

११. यस सूचनामा नपरेका कुराहरुकाहकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र पाँचखाल नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ बमोजिम हुनेछ ।

**कामको विवरण**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | न्युनतम वार्षिक कबोल अंक (मुअकबाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | PMIR/02/2077/078 | पाँचखाल नगर क्षेत्र भित्र विज्ञापन कर संकलन गर्ने | रु.१,५०,०००/-(एक लाख पचार हजार रुपैया मात्र) | |

प्रस्तुत विषय
२०७७।०८।
अनुमति तथा
नियमावली २
सहित) बमोि
दरखास्त आव्
तपशील
वि.नं.:०१/२
पद : माध्यमि
तह र श्रेणी :
विषय : विज्ञा
पदसंख्या :१(
सेवाको प्रकार
उमेर : १८ व
न्युनतम योग्य
दरखास्त दिने
खुल्ला उम्मेद
दरखास्त दिने
परीक्षा दस्तुर
परीक्षाको किस
पाठ्यक्रम : वि
सम्पर्क मिति :

बनेपा
साँध

उपरोक्त स
खण्डपुर व
०-३-३-२
मिति २०७
गिरी फेला
छ । साथै
मितिले ७ दि
पास भई जा